# आर्थिक वर्ष २०८३/०८४

# को

## बजेट वक्तव्य

गैडहवा गाउँपालिका

२०८३

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

**यस गरिमामय गाउँसभाका अध्यक्षज्यू, सभाका सचिव ज्यू, सभा-सदस्यज्यूहरू, तथा राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीज्यूहरू,**

१ नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना पश्चात दोस्रो पटक भएको निर्वाचन पछिको दोस्रो गाउँसभाको नवौं अधिवेशनको गरिमामय गाउँसभामा गाउँपालिका उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यमानी महशुस गरेको छु ।यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण गैडहवा गाउपालिकावासी महानुभावहरू प्रति कृतज्ञता प्रकट गर्दछु ।

२ यस अवसरमा सबैभन्दा पहिले म राष्ट्रको गौरव एकता र अखण्डताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति, प्रगति र उन्नतिका लागि विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक क्रान्ति, सशस्त्र आन्दोलन, मधेश अन्दोलन, नव-युवा(Gen-Z)को आन्दोलन तथा अन्य जनआन्दोलनहरुमा अमूल्य जिवन अर्पण गर्नुहुने महान शहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३ सविंधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको कार्यान्वयन गर्दै अन्तर सरकार समन्वय र सहकार्यमार्फत आम नागरिकलाई **"समृद्ध गैडहवा सुखी गैडहवा बासी"** को आकांक्षा पुरा गर्न दीर्घकालीन सोंचका साथ एकताबद्ध भएर अगाडी बढ्न हामी सबै निर्वाचित जनप्रतिनिधिहरू

सधैं प्रतिबद्ध रहेको र रहिरहने विश्वास आम गैडहवावासी आदरणीय महानुभावहरूलाई दिलाउन चाहन्छु ।

४ सीमित स्रोत-साधनबाट नागरिकका असिमित चाहना एकैपटक पूरा गर्न सम्भव नहुने हुँदा प्राथमिकताका आधारमा क्रमशः विकासका गतिलाई अगाडि बढाउन हामी जनप्रतिनिधीहरू सक्षम हुनेछौं र हुनैपर्दछ, किनकी यो हामीलाई जनताले सुम्पेको अभिभारा हो । **अतः "कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार" भन्ने** दीर्घकालीन सोच अनुसार अघि बढ्नु आजको आवश्यकता हो।

५ स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई हामीहरूले ल्याएको चौथौ बजेटको कार्यान्वयनको अन्तिम चरणसम्म आइपुग्दा विगत ४ वर्षमा शासकीय प्रवन्ध, विकास व्यवस्थापन र सेवा प्रवाहको क्षेत्रमा उल्लेख्य सुधारहरू भएका छन् । योजना तथा कार्यक्रमहरू समयमैं सम्पन्न हुनुका लागि विभिन्न समस्याहरु आइपरेतापनि दिन रातको अथक प्रयासले लक्ष्य नजिक पुग्ने कोशिस भएको छ । सङ्घीय सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँडको रकम कम प्राप्त हुनु र समानिकरण अनुदानको रकममा ९ प्रतिशत कटौती हुनु, आन्तरिक आम्दानी लक्ष्यको तुलनामा कम हुनु जस्ता कारणले वार्षिक योजनाले अगाडि सारेका कतिपय कार्यक्रमहरूमा स्रोत जुटाउन नसकेको अवस्था छ, तथापि गाउँपालिकाको मितव्ययी व्यवहारले हालसम्म भुक्तानीमा समस्या पर्न दिइएको छैन ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

६ बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, सङ्घीय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, उपलब्ध स्रोत र साधनहरू, गैडहवा गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्यज्यूहरू, राजनैतिक दलहरू, विभिन्न सङ्घ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र गैडहवा गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत आधार मानेर बजेट निर्माण गरेको छु । वार्षिक बजेट तथा कार्यक्रम गैडहवा गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजारको रूपमा रहेको बेहोरा गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय**,

७ अब म गैडहवा गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को यथार्थ आय व्यय साथै आ.व. २०८२।०८३ को संशोधित आय व्यय यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा चालु खर्च रु ३६,६९,२५,०००।- छत्तीस करोड उनसत्तरी लाख पच्चीस हजार

रुपैंया ८३.९६ प्रतिशत र पूजिगत खर्च रु १७,३८,४१,०००।- सत्र करोड अठ्तीस लाख एकचालीस हजार रुपैंया ८३.१८ प्रतिशत गरी कुल रु ५४,०७,६६,०००।- चौवन्न करोड सात लाख छैसठ्ठी हजार रुपैंया ( सामाजिक सुरक्षा तथा अन्तर सरकारी अख्तियारी) बाहेक यथार्थ खर्च भएको थियो ।

८ आर्थिक वर्ष २०८२।०८३ मा कुल बजेट रु ६६,९८,४८,९३३।( सामाजिक सुरक्षा बाहेक) ( छैसठ्ठी करोड अन्ठान्बे लाख अठ्चालीस हजार नौ सय तेत्तीस रुपैंया) कायम भएको र चालु खर्च रु ४३,०६,४२,९३३।०० त्रिचालीस करोड छ लाख लाख बयालिस हजार नौ सय तेत्तीस तथा पुँजीगत खर्च तर्फ रु २३,९२,०६००० तेइस करोड बयानब्बे लाख छ हजार (अन्तर सरकारी अख्तियारी बाहेक) हुने संशोधित अनुमान पेश गरेको छु । चालु आ.व २०८२/०८३ को हालसम्म चालुतर्फ ७२.०९ प्रतिशत र पूँजीगत तर्फ ३८.७७ प्रतिशत गरी समग्रमा ६०.२३ प्रतिशत बजेट खर्च भएको छ । चालु आ.व.का विकास योजनाहरू मध्ये ठूला योजनाहरू विश्व बजारमा भएको ईन्धन तथा मुल्य वृद्धिको कारण बढेको महंगी देखाई निर्माण ब्यवसायीले वीचमा निर्माण कार्य रोक्दा तोकिएको समयमा सम्पन्न हुन सकेका छैनन् भने उपभोक्ताको जागरूकतामा पनि ह्रास आएको पाइएको छ । साथै समयमा उपभोक्ता समिति गठन हुने

व्यवस्थाको समेत परिपालन नभएको कारण योजना तथा कार्यक्रमको प्रगति सन्तोषजनक हुन सकेको छैन।

९ चालु आ.व.मा आम्दानी तर्फ सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड तथा आन्तरिक आय गरी ८१.८२ प्रतिशत आम्दानी प्राप्त भएको छ । राजश्व बाँडफाँडमा शिलिङ्ग भन्दा धेरै कम रकम प्राप्त हुँदा तलब भत्ता लगायत चालु खर्चको भुक्तानीमा दबाव परेको देखिन्छ भने समानीकरण अनुदानमा भएको कटौती तथा आन्तरिक स्रोतको रकम लक्ष्य अनुरुप उठाउन नसक्दा सम्पन्न योजनाको भुक्तानीमा समेत असर परी आगामी आ.व.को लागि दायित्व सार्नु पर्ने अवस्था सिर्जना हुने देखीन्छ ।

**सभाध्यक्ष महोदय**,

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित आय व्याय (बजेट) प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि कूल रु. ७१ करोड १८ लाख ९७ हजार।(सामजिक सुरक्षा भत्ता बाहेक) को वजेट प्रस्ताव गरेको छु ।यस बजेटलाई क्षेत्रगत रुपमा आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन,संस्थागत विकास तथा सुशासन र प्रशासनिक तथा कार्यालय संचालन तर्फ बजेट बाँडफाँट गरेको छु । चालु तर्फ रु. ४४ करोड ८९ लाख ६८ हजार र पुजीगत तर्फ २६ करोड २९ लाख २९

हजार खर्च हुने अनुमान गरेको छ। तथापि ठूला योजना सम्पन्नता नजिक पुगेको र उपभोक्ता समितिले पनि कार्य सम्पन्नताको अन्तिम अवस्थामा रहेको पाइएकोले मध्यम खालको प्रगति हुने देखिन्छ।

१० जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदियोस् भन्ने हुन्छ तर साधन-स्रोतको सीमितताले असीमित आवश्यकता एकैपटक पूरा गर्न सम्भव हुँदैन्, तसर्थ योजनाहरूको प्राथमिकीकरण गर्दै सबै वर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अवधारणा अनुरूप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

अब म आ.व. २०८३/०८४ को राजश्व तथा श्रोत परिचालन सम्बन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरूको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

११ **"हामीले तिरेको करः समृद्ध गैडहवाको आधार"** भन्ने नाराका साथ सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

१२ नेपालको संविधानको अनुसूची - ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्रभित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आयतर्फ छुट हुन गएका शीर्षकहरू थप गरी फराकिलो कराधार निर्माणको व्यवस्था मिलाइएको छ।

१३ गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा ,माटो, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै

क्षेत्रहरूलाई करको दायरामा ल्याउने ब्यस्था मिलाइएको छ । चोरी निकासीका गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि सरोकारवाला संग समन्वय,सहकार्य र अनुगमनको पाटोलाई शसक्त बनाउने व्यवस्था मिलाइएको छ ।

**सभाध्यक्ष महोदय,**

१४ आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरीबी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै **"समृद्ध गैडहवा सुखी गैडहवा वासी"** को लक्ष्य तथा दीर्घकालीन सोच सहित आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

१५ कृषिलाई आर्थिक समृद्धिको मेरूदण्ड मान्दै **"व्यावसायिक कृषि पेशा अबलम्वन गरौं, आत्मनिर्भर बनौं"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

१६ कृषि क्षेत्रमा टड्कारो समस्याका रूपमा रहेको बादर, बँदेल तथा वन्य जन्तुको आतङ्कलाई न्यूनीकरण गर्ने उपायहरुको खोजी तथा सरोकारवाला संगको सहकार्य गरिने छ ।

१७ कृषकहरूले उत्पादन वृद्धिका लागि साना सिँचाइ कार्यक्रम, मौसमी तथा बेमौसमी तरकारी, माछ्‍ा पालन व्यवसाय, गाजर खेती प्रबर्धन कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

१८ वडा नं. ७ मा रहेको लुम्विनी रोड निर सार्वजनिक जग्गामा तारवार तथा सब्जिमण्डी सञ्चालन गर्न रु.७ लाख विनियोजन गरेको छु ।

१९ पशुमा कृत्रिम गर्भाधानको कार्यक्रम, पशु भ्याक्सीनेसन कार्यक्रम साथै पशुपन्छीको औषधी उपचारका कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

२० मासु उत्पादन र निर्यातलाई टेवा पुग्ने गरी पाडा प्रवर्धन कार्यक्रमलाई वजेट व्यवस्थापन गरेको छु ।

२१ कृषि व्यवसायलाई आधुनिकिकरण,व्यावसायिकरण र वजारीकरण गर्न साझेदारीमा आधारित कृषि प्रवर्धन कार्यक्रमको लागि वजेट व्यवस्थापन गरिएको छ ।

२२ सिचाई वोर निर्माण तथा मर्मत मार्फत सिंचाई क्षेत्र विस्तार गरी कृषि उत्पादन वढाउन रु ६२ लाख वजेट विनियोजन गरेको छु ।

२३ कंचन सिंचाई आयोजना अन्तर्गतको पोहवा हुंदै धुपई सम्म सिंचाई स्तरोन्नति लागि प्रदेश सरकारको विशेष अनुदान सहयोगमा रु २० लाखको व्यवस्था गरेको छु।

२४ उन्नत तोरी, च्याउको वीउ, कृषि मिटर अनुदान लगायतका कृषि कार्यक्रममा वजेट विनियोजन गरेको छु ।

२५ कृषकको प्रत्यक्ष लाभका क्षेत्रमा साझेदारी कार्यक्रमका लागि रु २५ लाख विनियोजन गरेको छु ।

२६ सूर्यपूरामा रहेको गाउँपालिकाको एक मात्र चिस्यान केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

२७ कृषकहरुलाई ५० प्रतिशत अनुदानमा घांसको विउ वितरणका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

२८ भैरहवा-लुम्विनी-भूमिगत-जलसिंचाई आयोजनाद्वारा निर्माण गरी यस गाउपालिका भित्र विभिन्न जल उपभोक्ता समितिद्वारा संचालित सिंचाई वोरिङ्गहरुको मर्मत संभार गरी भरपर्दो सिंचाई व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्न आवश्यक वजेट व्यवस्थापन गरेको छु।

२९ पशु स्वास्थ्य प्रवर्धन मार्फत पशु स्वास्थ्यमा देखापरेका समस्या समाधान गरी कृषकको आय वृद्धि गर्न रु २० लाख रुपैया पशु औषधि खरिदमा बजेट विनियोजन गरेको छु ।

३० पचास प्रतिशत अनुदानमा चारा मशिन, माछा पालनका लागि चुना वितरणको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३१ **"बेटि बचाउ बेटी पढाउ, विहेवारी बीस (२०) बर्ष पारी"** अभियान सफलताका लागि वालिका विमा कार्यक्रमलाई रू ३० लाख विनियोजन गरेको छु।यसवाट किशोरीहरु आत्म निर्भर हुने र वाल विवाह न्यूनिकरण भई सामाजिक विभेद हट्ने अपेक्षा गरेको छु ।

३२ विपन्न, पिछडा, वर्ग हिंसाबाट पिडित र प्रभावित महिला, वालवालिका, कमजोर अवस्थाका एकला महिलालाई जिविको पार्जन, अपाङ्गता भएका व्यक्तिहरु लाई जीवन यापनमा सहजता, महिला अधिकार तथा कानुनी साक्षरता कार्यक्रम लैंगिक हिंसा न्यूनिकरण गर्न जेष्ठ नागरिक पुनर्मिलनजस्ता लक्षित कार्यक्रमको लागि वजेटको व्यवस्था गरेको छु ।

## "कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

३३ ग्रामीण पर्यटनलाई टेवा पुऱ्याउन हाम्रो पालिकामा स्थापना भएको गैडाताल होम स्टे व्यावस्थित रुपमा संचालन गर्नको लागि होमस्टे संचालक समितिलाई सक्रिय हुन सघाउने व्यवस्था मिलाएको छु ।साथै गैडहवा तालमा रहेको बनभोज स्थललाई व्यवस्थित गर्न र बोटिङ्ग सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छु।

३४ गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूको अनुगमन, नियमन र सञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

३५ **"गैडहवा गाउँपालिकाको आधार, लघु उद्यममार्फत रोजगार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय स्रोत र साधनको परिचालन गरी लघु उद्यममार्फत मेड मोडेल ( MED MODEL) मा आधारित उत्पादनशील युवा लक्षित उद्यमशीलता विकास गर्न सङ्घीय सरकारको बजेटसँग साझेदारी गर्न बजेट व्यवस्थापन गरेको छु ।

३६ राष्ट्रिय रोजगार कार्यक्रममार्फत रोजगारीको सिर्जना गर्न सङ्घीय सरकारको बजेटसँग म्याचिङ्ग गर्ने बजेट रु १० लाख ४७ हजार विनियोजन गरेको छु ।

३७ शिक्षा क्षेत्रको समग्र विकासका लागि गाउँपालिकाको तर्फबाट आवश्यक बजेट विनियोजन गरेको छु । सङ्घीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान थप हुने बेहोरा पनि जानकारी गराउछु ।

३८ गाउँपालिका अनुदान, वालविकास सहजकर्ता, कर्मचारी र शिक्षक तलब पोशाक र चाडपर्ब खर्च तथा कक्षा १-७ र ९ को अर्धवाषिक र

वार्षिक परिक्षाका व्यवस्थापनका लागि रु ३ करोड विनियोजन गरेको छु ।

३९ संघीय सरकारको विशेष अनुदान सहयोगमा गैडहवा गाउँपालिकाको शैक्षिक विकासका लागि **सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम संचालनका** लागि रु १ करोड ७७ लाख व्यवस्था गरिएको छ ।यसवाट डिजिटल शिक्षा प्रवर्धन मार्फत गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा सुनिश्चित हुने अपेक्षा गरेको छु ।

४० स्थानीय विषयको पाठ्यपुस्तक निर्माण तथा छपाई, शैक्षिक क्यालेण्डर निर्माण, आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ५ र ८ सञ्चालन व्यवस्थापनका लागि रु २१ लाख ५० हजार विनियोजन गरेको छु ।

४१ **"स्वास्थ्यका लागि खेल, राष्ट्रका लागि खेल"** लक्ष्यका लागि युवा लक्षित **अध्यक्षकप, राष्ट्रपति रनिङ्ग शिल्ड तथा प्रतिभा पहिचान लगायत** तथा खेल सामाग्री वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२ सूर्यपुरा बहुमुखी क्याम्पसको लागि दिइने अनुदान लाई निरन्तरता दिइएको छ ।

४३ विद्यालय पूर्वाधार निर्माण, स्यानेटरी प्याड वितरण, लगायतका शैक्षिक गुणस्तर सुधारमा संघ र प्रदेशसंगको सहकार्यमा वजेट व्यवस्थापन गरेको छु ।

४४ गैडहवा आधारभूत अस्पताल संचालन व्यवस्थापनका लागि रु १ करोड विनियोजन गरेको छु ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

४५ गैडहवा गाउपालिकावासीको स्वास्थ्य उपचारका लाग आवश्यक औषधि खरिदका लागि गाउँपालिका तर्फबाट रु ३५ लाख विनियोजन गरेको छु ।

४६ बर्थीङ्ग सेन्टर, खोप तथा गाउँघर क्लिनिक कार्यक्रम, पोषण विशेष कार्यक्रम, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, र महिला स्वास्थ्य स्वयम्सेविका समेत  गरी जम्मा रु ५० लाख ३० हजार वजेट विनियोजन गरेको छु ।

४७ गर्भवती महिलाको लागि ग्रामिण अल्ट्रासाउण्ड घुम्ती सेवा सञ्चालन, गर्भवती महिला लक्षित मेडिक मोबाइल कार्यक्रम, जटिलतायुक्त प्रसूतिहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन र एम्बुलेन्स सेवालाई प्रभावकारी सञ्चालनका लागि रु १५ लाख ५० हजार  बजेट विनियोजन गरेको छु ।

४८ कडा रोगबाट पीडित व्यक्तिहरूलाई कार्यविधि अनुसार  आर्थिक सहयोग प्रदान गर्ने र असहाय स्वास्थ्य उपचार का लागि आर्थिक सहयोग उपलब्ध गराउन रु १२ लाख ४० हजार बजेट व्यवस्था गरेको छु ।

४९ आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत आयुर्वेद पद्धति र योग अभ्यासको माध्यमबाट शारीरिक तथा मानसिक स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५० नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या समाधानका लागि योगा तथा स्वस्थवृत्त कार्यक्रमका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

५१ खानेपानी वितरण तथा सरसफाइका लागि रु २० लाख विनियोजन गरेको छु ।

५२ पूर्वाधार विकासतर्फ १४ करोड ५ लाख रकम विनियोजन गरेको छु ।

५३ लालपुर देखी गैडहवा जाने बाटोको निर्माण कार्य सम्पन्न गर्नको लागि संघीय समपुरक तर्फ रु १ करोड ८९ लाख तथा गाउँपालिकाबाट थप रु.२ करोड ८४ लाख गरी जम्मा रु. ४ करोड ७३ लाख विनियोजन गरेको छु ।

५४ लालपुर वगाहा हुंदै सानो गैडहवा जाने वाटो कालो पत्रे कार्यको लागि प्रदेश सरकारको समपुरकमा रु ७५ लाख थप गरी रु १ करोड ५० लाख व्यवस्थापन गरेको छु ।

५५ वडा कार्यालय भवन १ र २ निर्माणको लागि संघिय सरकारवाट प्राप्त समपुरक योजना रु २० लाखमा गाउपालिकावाट रु. ३० लाख थप गरी जम्मा ५० लाख विनियोजन गरेको छु ।

५६ सूर्यपूरा वजारको अधुरो सडक कालोपत्रे गर्न रु ३० लाख विनियोजन गरेको छु।

५७ गाउपालिकाका विभिन्न सडकहरुको स्तरोन्नति कालोपत्रे नाली निर्माण पिसिसि ढलान, ग्राभेल को लागि वजेट व्यवस्थापन गरेको छु ।

५८ वडा कार्यालयहरुलाई प्रति वडा प्रशासनिक खर्च रु १० लाख र योजना तथा कार्यक्रम तर्फ रु. ९० लाख गरी जम्मा रु. ९ करोड विनियोजन गरेको छु।साथै प्राकृतिक श्रोतवाट वढी राजश्व संकलन गर्ने वडा नं ६ र ८ को लागि थप वजेटको व्यवस्था गरेको छु ।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

५९ गाउँपालिका भित्रका मोटरबाटोको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६० कार्यालय संचालन तथा व्यवस्थापन तर्फ जम्मा रु ११ करोड ९० लाख विनियोजन गरेको छु ।

६१ सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ रु. ४७ लाख २० हजार रकम विनियोजन गरेको छु ।

६२ उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने वातावरण श्रृजना गर्न राष्ट्र सेवक कर्मचारीहरुको लागि संघिय सरकारले व्यवस्था गरे बमोजिम वृद्धि गरेको तलवमान, प्रोत्साहन भत्ता र महंगी भत्ता समेत उपलब्ध गराउने गरी वजेट व्यवस्थापन गरिएको छ ।

६३ गाउपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्विकृतिको चरणमा रहेकोले यसै सभावाट स्वीकृत गरी संगठन संरचना भित्र पर्ने करार कर्मचारीहरुको महंगी भत्ता लगायत प्रचलित कानुन बमोजिम उपलब्ध गराउन सकिने सुविधाको लागि आवश्यक वजेट व्यवस्थापन गरिएको छ ।

६४ गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहरुको वृत्ति र नवीन सिकाइ अनुकरणका लागि **आन्तरिक पर्यटन काज**को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५ **सरसफाइ** र वातावरण संरक्षणमा जोड दिने क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६६ विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम सञ्चालन गरी प्रभावकारी रूपमा विपद्को

व्यवस्थापन गर्न तथा विपद् एवं प्रकोपको बखत् आवश्यक पर्ने विपद्का सामग्रीहरू खरिद तथा राहतका लागि, ट्याक्टरमा पानी सहितको ट्याङ्की र मोटर जडान गरी आगजानी नियन्त्रण गर्न र साझेदारीमा बारुणयन्त्र सञ्चालन अनुदान समेत गरी विपद् व्यवस्थापन तर्फ रु. ३८ लाख विनियोजन गरेको छु ।

६७ भू–संरक्षण र जलाधार व्यवस्थापन गरी सार्वजनिक पोखरी संरक्षण तथा नदी खोलाको कटान रोक्न अत्यावश्यक ठाउँ तटबन्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६८ न्याय समितिलाई सक्षम बनाउन पदाधिकारीहरुलाई असल अभ्यास आदान प्रदान, कानूनी सल्लाहकार व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

६९ बिभिन्न धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण मर्मत संभार गर्न तथा कला संस्कृति जगेर्ना गर्न बजेटको व्यवस्था गरेको छु।

७० उज्यालो गाउँपालिकाको लागि सडक वत्तिको व्यवस्था, विद्युत तार, पोल बत्ती जडानको निम्ति बजेट विनियोजन गरेको छु।

७१ युवा लक्षित आयआर्जन, एडभान्स तालिम संचालन गर्न बजेट व्यवस्था गरेको छु।

७२ श्रावण महिनाको पहिलो हप्तादेखी नै आ.व २०८३।८४ को बजेट तथा कार्यक्रमको कार्यान्वयन शुरु गरी समयमा पारदर्शी र प्रतिस्पर्धी तरिकाले सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

७३ खरिद प्रकियामा उपभोक्ता समिति स्वयंले गर्न सक्ने योजना तथा कार्यक्रम उपभोक्ताबाट संचालन गर्ने र बाँकी मध्ये साना योजनाहरु

प्याकेजिङ् गरी विद्युतीय खरिद प्रणाली अवलम्वन गर्ने व्यवस्था मिलाएको छु। कार्यालय भित्रका जनशक्तिबाट सम्पन्न हुन नसकेका कार्यक्रम प्रतिस्पर्धाबाट परामर्श सेवा मार्फत सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

७४ सुशासन, पारदर्शिता, प्रतिस्पर्धात्मकता र भ्रष्टाचारमा शुन्य सहनशीलता प्रवर्द्धन नीति अवलम्बन गरिनेछ।

७५ बजेट सिमाको लचकतालाई सन्तुलनमा राख्न निर्माण कार्य र परामर्श सेवामा बचत रकमबाट पुन खरिद प्रकिया नगर्ने व्यवस्था मिलाएको छु।

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

**सभाअध्यक्ष महोदयः**

**आ.ब. २०८३/०८४ को लागि आम्दानीका स्रोतहरूको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।**

| क्र.सं. | आय शिर्षक | अनुमानित रकम रू. |
|---|---|---|
| १ | सङ्घीय समानीकरण अनुदान | १३ करोड ३३ लाख |
| २ | सङ्घीय शसर्त अनुदान | २२ करोड ४५ लाख |
| ३ | सङ्घीय समपूरक अनुदान | २ करोड ९ लाख |
| ४ | संघीय विषेष अनुदान | १ करोड ७७ लाख |
| ५ | प्रदेश समानीकरण अनुदान | ९२ लाख ७० हजार |
| ६ | प्रदेश शसर्त अनुदान | १ करोड ६५ लाख |
| ७ | प्रदेश समपूरक अनुदान | ७५ लाख |
| ८ | प्रदेश विशेष अनुदान | २० लाख |
| ९ | सङ्घीय राजश्व बाँडफाँड | १२ करोड १० लाख ४६ हजार |
| १० | प्रदेश राजश्व बाँडफाँड | १ करोड १४ लाख ७५ हजार |
| ११ | आन्तरिक आय | ११ करोड ३१ लाख ५८ हजार ६ सय ६५ |
| १२ | अल्या | ३ करोड ४५ लाख ४७ हजार |
| **जम्मा आय रू.** | | **७१ करोड १८ लाख ९७ हजार** |

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

## गैडहवा गाउँपालिका आ.ब. २०८३/०८४ को व्यय अनुमान निम्ननुसार रहेको छ ।

| क.सं. | आय शिर्षक | अनुमानित रकम रू. |
|---|---|---|
| १ | सङ्घीय शसर्त अनुदान | २२ करोड ४५ लाख |
| २ | सङ्घीय समपूरक अनुदान | २ करोड ९ लाख |
| ३ | संघीय विषेष अनुदान | १ करोड ७७ लाख |
| ४ | प्रदेश शसर्त अनुदान | १ करोड ६५ लाख |
| ५ | प्रदेश समपूरक अनुदान | ७५ लाख |
| ६ | प्रदेश विशेष अनुदान | २० लाख |
| ७ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११ करोड ९० लाख ७७ हजार |
| ८ | आर्थिक विकास | ३ करोड ९० लाख |
| ९ | सामाजिक विकास | ८ करोड ५० लाख |
| १० | जनस्वास्थ्य प्रवर्धन (स्वास्थ्य र आयुर्वेदसमेत) | २ करोड ५५ लाख |
| ११ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ९० लाख |
| १२ | सुशासन तथा संस्थागत विकास | ४७ लाख २० हजार |
| १३ | पूर्वाधार विकास | १४ करोड ५ लाख |
| | **जम्मा** | **७१ करोड १८ लाख ९७ हजार** |

"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

७६ माथि उल्लिखित रकम सञ्चित कोषमार्फत खर्च हुने रकम हो।यसमा सामाजिक सुरक्षा बापत्को अनुमानित रकम रू.१७ करोड २७ लाख जोड्दा जम्मा बजेटको आकार ८८ करोड ४५ लाख ९७ हजार हुन जान्छ ।

७७ बजेटमा उल्लेख नभएका र सङ्घ तथा प्रदेशबाट समय समयमा प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

७८ गाउपालिका अध्यक्षज्यूले यस गरिमामय सभामा पेश गरी सभावाट पारित भैसकेको वार्षिक नीति तथा कार्यक्रममा सम्वोधन समग्र विषयहरुलाई कार्यान्वय गर्ने सुनिश्चितता हुने गरी बजेटको व्यवस्था गरेको छु ।

७९ योजना, बजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरिएको बेहोरा गरिमामय सभालाई जानकारी गराउँछु ।

**"कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"**

**अन्त्यमा,**

बजेटमा व्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी **समृद्ध गैडहवा गाउँपालिका** बनाउन सभाका सम्पूर्ण सदस्यहरू लाग्नु हुने छ भन्ने विश्वास लिएको छु । यसमा राष्ट्रसेवक कर्मचारीहरू सदा झैं खटिनु हुनेछ भन्ने अपेक्षासहित आम गैडहवा गाउँपालिकावासी नागरिकहरू, राजनीतिक दल, बुद्धिजीवि, समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु । वार्षिक बजेट तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरू, विषयगत समितिका पदाधिकारीहरू, राजश्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापकलगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०८३/०३/१०

**धन्यवाद, जय गैडहवा**

**माधुरी जैसवाल**

**उपाध्यक्ष**

**गैडहवा गाउँपालिका, रुपन्देही**